# नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## सूचनाको हक सम्बन्धी ऐन, २०६४

## को दफा ५(३)

## बमोजिम ऊर्जा मन्त्रालयद्वारा

## सार्वजनिक गरिएको विवरण

(२०७२ माघदेखि २०७२ चैत्रमसान्तसम्म)

## १ पृष्ठभूमिः

विकासको मेरुदण्डको रुपमा रहेको ऊर्जा क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशमा रहेको ऊर्जा संकटलाई न्यूनिकरण गर्ने, निराकरण गर्ने र विद्युत ऊर्जालाई देशको मूख्य ऊर्जाको रुपमा अगाडी बढाउने सोचका साथ मूलकको ऊर्जा क्षेत्रसंग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व ऊर्जा मन्त्रालयमा रहेको छ । विद्युत उत्पादन, प्रशारण तथा वितरणको लागि नेपाल सरकारको अल्पकालिन, मध्यकालिन तथा दीर्धकालिन नीति निर्माण गरी सो को कार्यान्वयनको लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने सम्बन्धी कार्यको लागि ऊर्जा मन्त्रालयको स्थापना भएको हो ।

## २ दृष्टिकोणः

देशको सर्वाङ्गिण विकासको लागि पर्याप्त विद्युत आपूर्ति गरी नेपाली जनताको जीवन स्तरमा सुधार ल्याउने र सबै जनतालाई भरपर्दो रुपमा गुणस्तरीय, दीगो तथा सर्बसुलभ विद्युत सेवा उपलब्ध गराई जलविद्युतलाई निर्यात योग्य बस्तुका रुपमा स्थापित गर्नु ऊर्जा मन्त्रालयको दृष्टिकोण रहेको छ ।

## ३ उद्देश्यः

जलविद्युतलाई समष्टिगत आर्थिक विकासको मूख्य आधारको रुपमा लिदै यस क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्न आवश्यक वातावरणको सिर्जना गरी देशमा ग्रामीण क्षेत्रसम्म अधिकाधिक जनतालाई भरपर्दो गुणस्तरीय र सर्वसुलभ विद्युत सेवा उपलब्ध गराउनु ऊर्जा मन्त्रालयको मुख्य उद्देश्य रहेको छ ।

## ४ ऊर्जा मन्त्रालयको संगठनात्मक स्वरुप:

# नेपाल सरकार

# ऊर्जा मन्त्रालय

# संगठन संरचना



## ५ कार्य क्षेत्र (काम, कर्तव्य र अधिकार):

नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९, ले ऊर्जा मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्य सम्पादनको लागि निर्दिष्ट गरेका कार्यक्षेत्र, कार्य कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

१ ऊर्जाउत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रवर्द्धनरविकाससम्बन्धीनीति, योजनातथाकार्यक्रमकोतर्जुमा, कार्यान्वयन, अनुगमनरमूल्याङ्कन;
२ ऊर्जाकोउपयोगसम्बन्धीअध्ययन, अनुसन्धान, सर्वेक्षणतथाकार्यान्वयन;
३ ऊर्जासम्बन्धीबहुउद्देश्यीययोजनाकोसमन्वय, निर्माण, सञ्चालनतथाप्रवर्द्धन;
४ ऊर्जासम्बन्धीजनशक्तिकोविकास;
५ नवीकरणीयऊर्जाकोविकास;
६ ऊर्जाविकासतथाविद्युत्विकाससम्बन्धीअध्ययन, अनुसन्धान, आयोजनाकोसम्भाव्यताअध्ययन, निर्माण, सञ्चालन, सम्भाररविकास;
७ ऊर्जासम्बन्धीकम्पनीतथासंस्थाकोसमन्वयरप्रशासन;
८ ऊर्जाविकासमानिजीक्षेत्रकोलगानीप्रवर्द्धन(लगानीबोर्डकोकार्यक्षेत्रबाहेक);
९ ऊर्जाकोउपयोगसम्बन्धीराष्ट्रिय, क्षेत्रीयतथाअन्तर्राष्ट्रियसम्पर्क;
१० ऊर्जाकोउपयोगसम्बन्धीद्विपक्षीयवाबहुपक्षीयसंयन्त्रकोसंयोजन, वार्ता तथासन्धिसम्झौता;
११ जलस्रोतसम्बन्धीद्विपक्षीयवार्ता, बहुपक्षीयसन्धिसम्झौता;
१२ विद्युत्कोनियमन, रोयल्टीतथामहसुलदरकोनिर्धारणरकार्यान्वयन;
१३ नेपालविद्युत्प्राधिकरणतथाऊर्जाक्षेत्रसँगसम्बन्धितनिकायसँगसमन्वय;
१४ अन्यमन्त्रालयकोकार्यक्षेत्रमानपरेकोजलतथात्यसकोउपयोगरऊर्जासम्बन्धीकार्य;
१५ नेपालइन्जिनियरिङसेवाअन्तर्गतदेहायकासमूह, उपसमूहकोसञ्चालन-
(क) इलेक्ट्रिकलइन्जिनियरिङसमूह;
(ख) मेकानिकलइन्जिनियरिङसमूह;
(ग) सिभिलइन्जिनियरिङसमूहकोहाइड्रोपावरउपसमूह।

## ६ कर्मचारी संख्या र कार्य विवरण :

ऊर्जा मन्त्रालय स्वीकृत दरबन्दी संख्या निम्नानुसार रहेका छन्:

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह/उप समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | इन्जिनियरिङ्ग सेवा | १ |
| २ | सहसचिव | रा.प.प्रथम | इन्जि/सिभिल/इरे/जियो/हा.पा./ज.इले/ इन्जि जियो | २ |
| ३ | सहसचिव | " | न्याय/कानून | १ |
| ४ | सहसचिव | " | प्रशासन | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय/कानून | १ |
| ६ | उपसचिव | " | प्रशासन/सा.प्र. | २ |
| ७ | उपसचिव | " | प्रशासन/लेखा | १ |

| | | | | |
|---|---|---|---|---|
| ८ | सि.डि.इ. | " | इन्जि/सिभिल/हा.पा | ३ |
| ९ | सि.डि.इ. | " | इन्जि/इ./ज.इले. | ३ |
| १० | सि.डि.इ | " | इन्जि/सिभिल/इरिगेसन | १ |
| ११ | सि.डि.हा. | " | इन्जि/सिभिल/हाइड्रोलोजी | १ |
| १२ | सि.डि.इ.जियो | " | इन्जि/जियो/इन्जि.जियो | १ |
| १३ | शा.अ. | रा.प.तृतीय | प्रशासन/सा.प्र. | ५ |
| १४ | शा.अ. | " | न्याय/कानून | १ |
| १५ | ले. अ. | " | प्रशासन/लेखा | १ |
| १६ | इन्जिनियर | " | इन्जि/इ./ज.इले. | ३ |
| १७ | इन्जिनियर | " | इन्जि/सिभिल/हाइड्रोपावर | ३ |
| १८ | इन्जि. जियोलोजिष्ट | " | इन्जि/जियो/इन्जि.जियो | १ |
| १९ | हाइड्रोलोजिष्ट | " | इन्जि/सिभिल/हाइड्रोलोजी | १ |
| २० | कम्प्युटर इन्जिनियर | " | विविध | १ |
| २१ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | ४ |
| २२ | ना.सु. | " | प्रशासन/सा.प्र. | १० |
| २३ | टाइपिष्ट | " | प्रशासन/सा.प्र. | १ |
| २४ | लेखापाल | " | प्रशासन/लेखा | १ |
| २५ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन/सा.प्र. | ३ |
| २६ | ह.स.चा. | | | ५ |
| २७ | का.स. | | | ७ |
| | जम्मा | | | ६५ |

७ ऊर्जा मन्त्रालयले प्रदान गर्ने सेवा :

क) माथि बुँदा नं. ५ मा उल्लिखित कार्य क्षेत्र/काम कर्तव्य अधिकार अन्तर्गतका नीतिगत कार्यहरु र

ख) मन्त्रालयको दैनिक प्रशासन संचालन सम्बन्धी कार्य ।

## ८ मन्त्रालयको महाशाखा, शाखा र जिम्मेवार अधिकारीः

| सि.नं. | महाशाखा/शाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | प्रशासन महाशाखा | श्री माधव प्रसाद गड्तौला | ४२११५२३ |
| २ | योजना तथा कार्यक्रम महाशाखा | श्री समीर रत्न शाक्य | ४२११५२२ |
| ३ | नीति तथा बैदेशिक समन्वय महाशाखा | डा. सञ्जय शर्मा | ४२११५३६ |
| ४ | कानुन तथा फैसला कार्यान्वयन महाशाखा | कोशल चन्द्र सुवेदी | |
| ५ | कर्मचारी प्रशासन शाखा | श्री प्रल्हाद प्रसाद सापकोटा | ४२११५०२ |
| ६ | आर्थिक प्रशासन शाखा | श्री मुक्तिनाथ रेग्मी | ४२११९१२ |
| ७ | सूचना तथा जनसम्पर्क शाखा | श्री विश्वराज नेपाल | ४२११८८६ |
| ८ | बजेट तथा कार्यक्रम शाखा | श्री गोकर्ण राज पन्थ | ४२११५०८ |
| ९ | अनुगमन तथा मूल्यांकन शाखा | श्री बुद्धरत्न शाक्य | ४२११२७३ |
| १० | अनुसन्धान तथा विकास शाखा | श्री लेखनाथ बगाले | ४२११५०८ |
| ११ | वातावरण शाखा (क) | श्री कल्प मोहन सोती | ४२११५०१ |
| | वातावरण शाखा (ख) | श्री चतुर बहादुर श्रेष्ठ | ४२११५०१ |
| १२ | आयोजना प्रबर्द्धन शाखा | श्री श्याम किशोर यादव | ४२११५०९ |
| १३ | बैदेशिक समन्वय शाखा | श्री राजु महर्जन | ४२११५०४ |
| १४ | ग्रामीण तथा वैकल्पिक ऊर्जा शाखा | श्री प्रतिभा मानन्धर | ४२११५०४ |
| १५ | कानून शाखा | श्रीविष्णु प्रसाद अवस्थी | ४२११५०१ |

## ९ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिमको र
- अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर

ख) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र र
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिमको अवधि ।

## १० निर्णय गर्ने प्रक्रिया र अधिकारी :

क) निर्णय प्रक्रिया सम्बन्धमाः

१ मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः

१ मन्त्रालयले सम्पादन गर्ने नीतिगत एंव अन्य कार्य सम्बन्धमाः

- मन्त्री परिषदमा प्रस्ताव पठाएर ।
- माननीय ऊर्जा मन्त्री स्तरबाट ।

- ऊर्जा सचिव स्तरबाट।
- माननीय ऊर्जा मन्त्रीबाट प्रत्यायोजना अधिकार बमोजिम ।
- सुशासन (व्यवस्थापन तथा संचालन ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकेका कामहरु ।

सचिवले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको कर्मचारीहरुले ।

२ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा ऊर्जा सचिवले ।

११ <u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u>

क) ऊर्जा मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा प्रचालित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम उपलब्ध गराउने।

ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा सोही ऐनमा तोकिए बमोजिम फछ्र्यौट गरिने ।

**<u>१२. सम्पादन गरेको कामको विवरणः</u>**आ.व. २०७२/७३ दोस्रो चौमासिक प्रगति विवरण

| क्र.सं. | बजेट उपशिर्षक नं. | प्राथमिकताक्रम | आयोजना कार्यक्रमको नाम | दोस्रोचौमासिक प्रगतिस्थिति (%) | | यस अवधि सम्म हासिलभएका मुख्य मुख्य उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | |
| १ | २ | | ३ | ७ | ८ | ९ |
| १ | ३०८०११ | P1 | ऊर्जा मन्त्रालय (थप निकासाको समेत) | ९३.८३ | ९१.४३ | • ऊर्जा मन्त्रालयको सालबसाली कार्यक्रम सम्पन्नःमेसिनरी सामानहरु, फर्निचरहरु, सबारीसाधान खरीदतथा अन्य नियमित कार्य सम्पन्न |
| २ | ३०८१०१ | P1 | जल तथा ऊर्जा आयोगको सचिवालय | ४५.५० | ६५.७५ | • जल तथा ऊर्जा आयोगको मूल संरचना गर्ने कार्यक्रम रहेकोमा विश्ववैकसँग सहकार्य भैरहेको।<br>• जलविद्युतको कुल सम्भाव्य उत्पादन क्षमताअध्ययनको लागि परामर्शदातृ संस्थाबाट प्रस्ताव माग एकिकृत कोशी नदी वेसिन योजनातयार गर्न विश्व वैकसँग सहकार्य भैरहेको ।<br>• ऊर्जा क्षेत्र सुदृढीकरण सम्बन्धीअध्ययन कार्य तयार गर्न विश्व वैकसँग सहकार्य भैरहेको । |
| ३ | ३०८१०२ | P1 | सिंचाई तथा जलस्रोतव्यवस्थापन आयोजना | १००.०० | ४३.६० | • सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना अन्तर्गत Request for Proposal को प्राविधिक मुल्याङ्कन भै सहमतीका लागि दातृ निकाय- विश्व बैकमापठाइएको |
| ४ | ३०८०१३ | P2 | विद्युत महशुल निर्धारण आयोग | ०.०० | २६.३३ | • विद्युत खरिद बिक्री दरका निमित्त Software जडान कार्यको लागि खरिद प्रक्रिया अगाडि बढाइएको । |
| ५ | ३०८१०४ | P2 | सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजना | ३६.४२ | ३६.४२ | • आयोजना संग सम्बन्धित क्षेत्रको Hydrology / Meteorology, भुकम्पियमापन (Micro Earthquake) सम्बन्धि तथ्यांक संकलन कार्य निरन्तर रुपमा चालुरहेको।<br>• कमला, सुनकोशी र सप्तकोशी गरी ३ वटा वेसिनमा हाइड्रोमेटेरियोलोजिकलतथ्यांक संकलन कार्य जारी रहेको ।<br>• सिचाईं सम्बन्धि अध्ययन प्रतिवेदन अन्तर्गतनेपाली भू-भागको बांकी रहेको अध्ययन कार्यका लागि परामर्शदातृ संस्थाको छनौटगर्न EoI आव्हान भई प्राप्त प्रस्तावहरुको मुल्यांकन कार्य भईरहेको । |
| ६ | ३०८१०५ | P2 | पन्चेश्वर वहुउद्देश्शीय आयोजना | ४.४७ | ४.४७ | • पंचेश्वर विकास प्राधिकरणको गठन गर्ने ।<br>• आयोजनाको DPR अद्यावधिक गर्ने । |
| ७ | ३०८१०७ | P3 | जलविद्युत आयोजना सम्बन्धि मापदण्ड | ७४.०० | १२२.६० | • Powerhouse Design Guidelinesको सम्झौता प्रक्रियाअघि बढिरहेको।<br>• Power System Optimization Study अन्तर्गत Revised Interim Report प्राप्त गरेको।<br>• Preparation of Operation and Maintenance Guidelines for Hydropower project and transmission system सन्दर्भमा Progress Report प्राप्त हुनुको साथैInception Report प्राप्त भईस्विकृत भएको<br>• Preparation of Inspection Guideline for Hydropower Projectsको सम्झौता गर्ने प्रक्रिया अघि बढिरहेको।<br>• Study of Transmission Line for Connecting Power Generated from Co-generation Plant को सम्झौता अनुसार RFP माग गर्ने प्रक्रिया अघि बढिरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ३०८१०९ | P3 | रोयल्टी व्यवस्थापन तथा वितरण | ९३.०७ | ३५.०९ | • कार्यक्रम कार्यान्वयनमा रहेको । |
| ९ | ३०८०१२ | P1 | विद्युत विकास विभाग | १२.४३ | २१.४२ | • भवननिर्माणको फिनिसिंग कार्य भइरहेको<br>• माडी, मैवा खोलाकोDraft Final Reportतयारी कार्य,<br>• डोटीगाड Interiem Report प्राप्त<br>• तल्लो चेपेखोलाको Draft Final Report प्रतिवेदन प्राप्त भइप्रतिक्रियाको लागि पठाइएको<br>• सिवाखोला र इङखुखोलाको सम्झौताको तयारी भएको |
| १० | ३०८१०३ | P1 | विद्युत विकासमा निजिक्षेत्रको प्रवर्द्धन | ७८.३१ | ७६.५८ | • सर्वेक्षण अनुमतिपत्र, विद्युत उत्पादन,प्रसारण तथा वितरणको कार्य केही सन्तोषजनक रहेको ।<br>• GIS Based License Management System अगाडि बढाउने कार्यमा Inception reportप्राप्त भएको। |
| ११ | ३०८१०६ | P1 | जल विद्युत आयोजना अध्ययन | ७९.०९ | ४७.२६ | • **सम्भाव्यता अध्ययनः**<br>२ आयोजनाहरुको अध्ययनयस वर्ष सम्पन्नहुने भनिए तापनि Final Report प्राप्त हुन बाँकी ११आयोजनाहरुको अध्ययन सुचारु।<br>२ ठुला र ४वटा बहुउद्देशीयआयोजनाहरुको अध्ययन शुरु हुने सन्दर्भमा विभिन्न चरणमा Report k प्राप्त भइ Comment तथा Approve गरिएको र EoI सूचना प्रकाशित भएको।<br>• **विस्तृत इन्जिनियरिंग डिजाइनः**<br>२ आयोजनाहरुको अध्ययन शुरु हुने सन्दर्भमा घुन्साखोला जलविद्युत आयोजना जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेडबाट अगाडि बनाउन लागिएको र तल्लो हुङ्ख जलविद्युत आयोजनाको सन्दर्भमा EoI सूचना प्रकाशित भएको।<br>• **पहिचान र पूर्व सम्भाव्यताः**<br>२ आयोजनाहरुको पहिचानर २ वटाआयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययनहुने सन्दर्भमा EoI सूचना प्रकाशित भएको।<br>• **अन्य परामर्शसेवासम्बन्धी कार्यहरु :**<br>५ वटा अध्ययन कार्यहरु शुरु हुनेसन्दर्भमा सम्झौता सम्पन्न भइ Inception को तयारीमा |
| १२ | ३०८११२ | P1 | बुढी गंगा जलविद्युत आयोजना | २.६५ | २.६५ | • विस्तृत ईन्जिनियरिङ्ग र वातावरणीय अध्ययनकार्यको लागि अन्तराष्ट्रिय परामर्श दाताबाट आर्थिक प्रस्तावको मुल्यांकन भैरहेको।<br>• विद्युतगृहमा पुग्ने पहुँचमार्ग निर्माण कार्यको टेण्डर आव्हान भएको । |
| १३ | ३०८११३ | P1 | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | ७८.३० | ७४.५० | • DPR सम्बन्धि काम ।<br>• भौतिक पूर्वाधार सम्बन्धी कार्य भइरहेको |
| १४ | ३०८११४ | P1 | नलसिह गाड जलविद्युत आयोजना विकास समिति | ५०.०० | ९.०० | • आयोजनाको अध्ययन तथा भौतिक पूर्वाधार सम्बन्धि कार्य अगाडि बढिरहेको। |
| १५ | ५०१११९ | P1 | जलाशययुक्त आयोजनाहरुको छनौट तथा संभाव्यता अध्ययन आयोजना | २५.८६ | ३.८६ | • उतरगंगाकोसन्दर्भमा समस्या भएको ।<br>• दुधकोशीको सन्दर्भमा परामर्शदाता छनोट कार्य जारी भइ नसकेको।<br>• आँधीखोलाको सन्दर्भमा दक्ष जनशक्ति, सवारीसाधन तथा पर्याप्तस्थानको अभाव।<br>• तमोर को सन्दर्भमा ७६२ मेगावटलाइसेन्सका लागि तयारी गर्रिंदै । (यसअघि २०० मेगावाटको लागि लाइसेन्स प्राप्त भएको) |
| १६ | ५०११२० | P1 | मझौला तथा ठूला जलविद्युत अध्ययन आयोजना | ६०.४४ | ०.०२ | • माथिल्लोअरुण ज.वि. अध्ययन आयोजनाको सन्दर्भमा भौतिकरुपमा प्रगति सुचारु भएको तर सोवापत खर्च हुन बाँकी रहेको ।<br>• माथिल्लो भेरी, चैनपुर सेतीको सन्दर्भमा बजेट तथा कार्यक्रम स्वीकृतिका लागि पेश भएको । |
| १७ | ५०११३३ | P1 | तनहुँ जलविद्युत आयोजना (१४० मे.वा.) | ७.२४ | ८.८९ | • परामर्शदातानियुक्ति नभएकोले वैदेशिक स्रोततर्फको रकम खर्च हुन नसकेको । |
| १८ | ५०११४८ | P1 | माथिल्लो मोदी जलविद्युत आयोजना (४२ मे.वा.) | ६८.४३ | ४१.२६ | • ADB र K-Exim सँग soft loan request गर्न ऊर्जा मन्त्रालयमार्फत् अर्थ मन्त्रालयबाटअनुरोध पठाउनका लागि सञ्चालक समितिमा पेश भएको ।<br>• JDA को छ महिना म्याद थप्न सञ्चालक समितिमा पेश भएको । |
| १९ | ५०११२१ | P1 | माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे.वा.) | ७८.३६ | ६९.५७ | • Headworks मा Concreting कार्य (८२ प्रतिशत) सम्पन्न ।<br>• आयोजनाको विभिन्न सुरुङहरुको संशोधित कूल लम्बाइ १६.८ कि.मि.मध्ये हालसम्म(१४.८ कि.मि. (८८ प्रतिशत) खन्ने) कार्य सम्पन्न । |
| २० | ५०११२२ | P1 | माथिल्लो त्रिशुली-३ (ए) जलविद्युत आयोजना(६०मेवा) | ९८.७८ | ५३.४१ | • आयोजनाकोविभिन्न सुरुङहरूको संशोधित कूल लम्बाइ १६.८ कि.मि.मध्ये हालसम्म १४.८ कि.मि. (८८ प्रतिशत) खन्ने कार्य सम्पन्न । |
| २१ | ५०११०३ | P1 | मध्य मर्स्याङ्गदी जलविद्युत आयोजना(७०मेवा) | ३०७.४९ | ३८१.८३ | प्राप्त नभएको । |
| २२ | ५०११२३ | P1 | राहुघाट जलविद्युत आयोजना (३२ मे.वा.) | ९.२६ | ११.४५ | • इलेक्ट्रोमेकानिकलतथा हाइड्रोमेकानिकल को बोलपत्र तयार गर्ने कार्य चालु ।<br>• प्रसारण लाइन निर्माणकोबोलपत्र तयार गर्ने कार्य चालु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | ५०१११८ | P1 | चमेलिया जलविद्युत आयोजना (३० मे.वा.) | ४६.०२ | ८८.७३ | • सिभिलठेकेदारले शीघ्र भूक्तानीको माग राखी काम स्थगित गरेकोले प्रगति कमभएको ।<br>• इलेक्ट्रोमेकानिकल,हाइड्रोमेकानिकल,प्रसारण लाइन कार्यका ठेकेदारको ठेक्का संझौताको म्याद समाप्त भएकोले गैह्र पर्यटकिय भिषाको लागि पहल भइरहेको। |
| २४ | ५०३११४ | P1 | कुलेखानी तेस्रो जलविद्युत आयोजना (१४ मे.वा.) | ९७.१९ | ९७.३८ | • पुलनिर्माण कार्य सम्पन्न ।<br>• जग्गा प्राप्ति तथा अधिग्रहण कार्य सम्पन्न ।<br>• हेडवक्ससम्बन्धी सम्पूर्ण सिभिल कार्य सम्पन्न ।<br>• विद्युत गृह निर्माणसम्पन्न ।<br>• आवासगृह निर्माण कार्य सम्पन्न । |
| २५ | ५०१११० | P1 | जलविद्युतसुदृढीकरण आयोजना | १७.१० | ३१.२० | • परामर्शदाताबाट प्रस्ताव प्राप्त नभएकोले लक्ष्यअनुरुपको प्रगति नभएको । |
| २६ | ५०११०५ | P1 | १३२ केभी तथा अन्य भोल्टेज स्तरका प्रसारण लाईन बिस्तारआयोजनाहरु | ९७.७१ | ६६.६९ | • अध्ययन तथा निर्माण कार्य दुबै अगाडि बढाइएको। |
| | | P1 | खिम्ती–ढल्केवर २२० के.भी. प्र.ला. (दोश्रो सर्किट जडान तथा सःससमेत) | ७७.४० | ५२.१७ | • दोस्रो सर्किटको तार तान्ने कार्य चालु । |
| | | P1 | हेटौडा–कुलेखानी २ –स्युचाटार१३२ के.भी. दोश्रो सर्किट जडान | ०.०० | ९.८६ | • प्रसारण लाइन निर्माणअन्तर्गत मकवानपुरको फाखेलदेखि हेटौंडाको चौकीटोलसम्म ३२ किमि दोस्रो सर्किट लाइन निर्माण सम्पन्न ।<br>• हेटौंडा, मातातीर्थ रस्यूचाटार सबस्टेशन निर्माण सम्पन्न भई Precommissioning testing कार्य सम्पन्न । |
| | | P1 | भरतपुर–बर्दघाट २२० के.भी. प्र.ला. | ११.२८ | ६५.५९ | • विस्तृत सर्भे डिजाइन कार्य सम्पन्न ।<br>• टावर जग निर्माण तथा रूख कटानी कार्य चालु |
| २७ | ५०११०६ | P1 | थानकोट–चापागाउँ–भक्तपुर १३२ केभी (२८ कि.मी.) | १८.७७ | २९.८४ | • भक्तपुरजिल्लामा ८५ वटा टावरका लागि जग्गा खरीद कार्य सम्पन्न ।<br>• ललितपुर जिल्लामा RoW कोक्षतिपूर्ति निर्धारण गर्न बाँकी रहेकोले जिल्ला प्रशासन कार्यालय ललितपुर रअन्य गाविसहरूमा छलफल भएको |
| २८ | ५०११५० | P1 | नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना | ८३.०० | ८९.२६ | • आयोजना विस्तारको लागि हेटौडा, ढल्केवर र इनरुवामा निर्माण हुने सवस्टेशनको लागि आंशिक रुपमा जग्गा उपलब्ध भएको । |
| २९ | ५०११०७ | P1 | अन्य ३३ केभी तथा सवस्टेशन आयोजनाहरु : | २३.०० | ३६.०० | • विभिन्न आयोजना अध्ययन तथा निर्माण कार्य दुबै अगाडि बढाएको। |
| ३० | ५०११११ | P1 | सामुदायिक तथा अन्य ग्रामिण विद्युतीकरण आयोजना : | १०.०० | ३.५४ | • क्षेत्रीय कार्यालयबाट माग बमोजिम कार्यक्रम बनाइ अगाडि बढाइएको । |
| ३१ | ५०११७४ | P1 | तामाकोशी पाँचौ जलविद्युत आयोजना | ७०.५० | १५.१२ | • माथिल्लो तामाकोशी जलविद्युत कम्पनीको परामर्शदाताबाट Interconnection Design कार्य अगाडि बढिरहेको ।<br>• EOI तथा RFP Draft Document समेत तयार भैसकेको । |
| ३२ | ५०११७२ | P1 | पुर्ननविकरणीय तथा क्षमता विस्तार आयोजना | २६.८८ | ०.०० | • नेपालसरकार ने.वि.प्रा., तथा विश्व वैंक संग ऋण सम्झौता सम्पन्न भई वोलपत्र तयारीकार्य सम्पन्न<br>• आयोजनाको अनुमानित लागत रकम तथा अन्य शर्तहरुने.वि.प्रा.संचालक समितिमा पेश भइ सकेको<br>• संचालक समितिको स्वीकृति पछिवोलपत्र आव्हान गरिने । |
| ३३ | ५०११७६ | P1 | माडी जल विद्युत आयोजना ( १२.२५ मे.वा. रोल्पा) | | | • जनताको जलविद्युत जनताको लगानीको अवधारणा (Modality) स्विकृत भई कम्पनी दर्ताको प्रक्रियामा रहेको । |
| ३४ | ५०११७३ | P1 | मैवाजल विद्युत आयोजना (१३.५ मे.वा, ताप्लेजुङ) | | | |
| ३५ | ५०११७५ | P1 | जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | | | • कार्यक्रम स्वीकृत भै Consortium loan sanction भएको । |

## १३ सूचना अधिकारी र प्रमुखको नामः

प्रमुखः- सचिव सुमन प्रसाद शर्मा

सूचना अधिकारीः- उपसचिव विश्वराज नेपाल

१४ <u>ऐन, नियम, विनियम, निर्देशिकाको सूचिः</u>

ऊर्जा मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरुको निम्नानुसार कानून प्रयोग गरी आफ्नो कार्य सम्पादन गर्ने गरेका छन्ः

- विद्युत ऐन, २०४९
- जलस्रोत ऐन, २०५०
- विद्युत नियमावली, २०५०
- विद्युत चुहावट नियन्त्रण नीति, २०५८
- जल विद्युत विकास नीति, २०५८
- जल विद्युत आयोजना अनुमति पत्र सम्बन्धी निर्देशिका, २०६८
- बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९
- नलसिहं गाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९
- जलस्रोत रणनीति, २०५८
- जलस्रोत योजना, २०६१
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- नेपाल सरकारका निर्णयहरु
- लोडसेडिङ्ग न्यूनिकरण कार्ययोजना, २०६९

१५ आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

म.ले.प. फा.नं. १३

नेपाल सरकार

ऊर्जा मन्त्रालय

बजेट उपशीर्षक नं. : ३०८०११३

आ.व. २०७२/७३ चैत्रमहिनाको खर्चको फाटवारी

| चैत्र महिनाको खर्च | चैत्रमहिना सम्मको निकाशा | खर्च। वित्तिय संकेत नं. | खर्च। वित्तिय शीर्षक | अन्तिमबजेट | चैत्रमहिनासम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| १,४१३,३८३.०० | १३,४५६,३९९.८५ | २११११ | तलब | २०,७१२,०००.०० | १३,४५६,३९९.८५ | ७,२५५,६००.१५ | ० |
| ५१,५००.०० | ४४६,५००.०० | २१११३ | महंगी भत्ता | ७९२,०००.०० | ४४६,५००.०० | ३४५,५००.०० | ० |
| ६५,०००.०० | ४३३,०००.०० | २१११९ | अन्य भत्ता | ५५०,०००.०० | ४३३,०००.०० | ११७,०००.०० | ० |
| ३९०,०००.०० | ३९०,०००.०० | २११२१ | पोशाक | ४९५,०००.०० | ३९०,०००.०० | १०५,०००.०० | ० |
| १,२६९,५४०.०० | १,९२७,५१९.५९ | २२१११ | पानी तथा विजुली | २,८७३,०००.०० | १,९२७,५१९.५९ | ९४५,४८०.४१ | ० |
| ६,१११.०० | ३३४,६९४.१४ | २२११२ | संचार महशुल | ५८१,०००.०० | ३३४,६९४.१४ | २४६,३०५.८६ | ० |
| १६९,०५५.९४ | १,३७८,४२१.५१ | २२२११ | इन्धन | १,९८९,०००.०० | १,३७८,४२१.५१ | ६१०,५७८.४९ | ० |
| ४९,६५०.०० | १,३४५,३९०.७२ | २२२१२ | संचालन तथा मर्मत संभार | १,५००,०००.०० | १,३४५,३९०.७२ | १५४,६०९.२८ | ० |
| ० | १११,०८७.०० | २२२१३ | बीमा | १३३,०००.०० | १११,०८७.०० | २१,९१३.०० | ० |
| ६०,३६३.३५ | १,५९९,८३३.४५ | २२३११ | कार्यालय सम्बन्धी खर्च | १,९००,०००.०० | १,५९९,८३३.४५ | ३००,१६६.५५ | ० |
| ४८,०००.०० | ४५७,६००.०० | २२४११ | सेवा र परामर्श खर्च | ७०२,०००.०० | ४५७,६००.०० | २४४,४००.०० | ० |
| १६९,२४२.०० | १,६६५,८२९.९७ | २२४१२ | अन्य सेवा शुल्क | २,५८६,०००.०० | १,६६५,८२९.९७ | ९२०,१७०.०३ | ० |
| ० | ० | २२५११ | कर्मचारी तालिम | ० | ० | ० | ० |
| २२३,०९१.६३ | १,२७२,१८०.१२ | २२५२२ | कार्यक्रम खर्च | ५,७८०,०००.०० | १,२७२,१८०.१२ | ४,५०७,८१९.८८ | ० |
| ११२,४२५.०० | ८०७,५००.०० | २२६११ | अनुगमन मूल्यांकन खर्च | १,०९५,०००.०० | ८०७,५००.०० | २८७,५००.०० | ० |
| ० | ८,३००.०० | २२६१२ | भ्रमण खर्च | २५०,०००.०० | ८,३००.०० | २४१,७००.०० | ० |
| ८१,७२९.०० | ७९८,९२४.०० | २२७११ | विविध खर्च | १,०१३,०००.०० | ७९८,९२४.०० | २१४,०७६.०० | ० |
| ० | ० | २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त चालु अनुदान | ० | ० | ० | ० |
| ० | ० | २६४२३ | अन्य संस्था तथा व्यक्तिलाई पूँजीगत अनुदान | ० | ० | ० | ० |
| ४,१०९,०९०.९२ | २६,४३३,१८०.३५ | | **जम्मा** | ४२,९५१,०००.०० | २६,४३३,१८०.३५ | १६,५१७,८१९.६५ | ० |

नेपाल सरकार

ऊर्जा मन्त्रालय

बजेट उपशीर्षक नं. : ३०८०११४

आ.व. २०७२/७३ चैत्रमहिनाको खर्चको फाटवारी

| चैत्रमहिनाको खर्च | चैत्रमहिना सम्मको निकाशा | खर्च। वित्तिय संकेत नं. | खर्च। वित्तिय शीर्षक | अन्तिमबजेट | चैत्रमहिनासम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ० | ३२३,८४५.५७ | २९३११ | फर्निचर तथा फिक्चर्स | ७५०,०००.०० | ३२३,८४५.५७ | ४२६,१५४.४३ | ० |
| ० | २५९,९००.०० | २९४११ | सवारी साधन | २६०,०००.०० | २५९,९००.०० | १०० | ० |
| ३०,०००.०० | १,१२४,२३५.५० | २९५११ | मेशिनरी औजार | १,७४०,०००.०० | १,१२४,२३५.५० | ६१५,७६४.५० | ० |
| ० | ३६९,५५७.५९ | २९६११ | सार्वजनिक निर्माण | २४,१७२,०००.०० | ३६९,५५७.५९ | २३,८०२,४४२.४१ | ० |
| ० | ५९६,७९७.५७ | २९६२१ | पूँजीगत सुधार खर्च | ६००,०००.०० | ५९६,७९७.५७ | ३,२०२.४३ | ० |
| ० | ० | २९७११ | पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ० | ० | ० |
| ३०,०००.०० | २,६७४,३३६.२३ | | **जम्मा** | २७,५२२,०००.०० | २,६७४,३३६.२३ | २४,८४७,६६३.७७ | ० |

१६ तोकिए बमोजिमका अन्य विवरण (सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ अनुसार तोकिए बमोजिम)

- ऊर्जा मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
- मन्त्रालयको वेभ साइट www.moen.gov.npमा ऊर्जा मन्त्रालयको सूचनामूलक जानकारीहरु उपलब्ध छन् ।
- मन्त्रालयको महत्वपूर्ण निर्णय वा जानकारीहरु प्रेस विज्ञप्ति वा प्रवक्तामार्फत जानकारी दिने गरिएको छ ।
- नीतिगत निर्णय, सूचना तथा आदेशहरु नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक हुने गरेको छ ।

१७ सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण

www.moen.gov.np

१८ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सुचना दिएको विवरण

सुचना माग निवेदन संख्या -

सुचना दिएको संख्या -

१९ सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः

वार्षिक प्रगति पुस्तिका प्रकाशन भएको ।